नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
आयोजना अध्ययन महाशाखा
(.............................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकसः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८१/८२
चलनी नं.:- ९६५६

मितिः २०८२/०३/०४

विषयः EIA प्रतिवेदन सार्वजनिक गरिदिने तथा सूचना टाँस गरिदिने बारे ।

श्री आठविसकोट नगरपालिका,
आठविसकोट नगर कार्यपालिकाको कार्यालय,
आठविसकोट, रुकुम (पश्चिम)।

उपरोक्त विषयमा यस विद्युत विकास विभागद्वारा प्रस्तावित "डाँडागाउँ खलंगा भेरी जलविद्युत आयोजना (९७.४३ मे.वा.)" को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृतिको प्रक्रियामा रहेको व्यहोरा अनुरोध छ। उक्त प्रतिवेदनमा सर्वसाधारण व्यक्ति वा संस्थाको राय-सुझाव प्राप्त भएमा उपयुक्त रायसुझावहरुलाई ध्यानमा राखी वन तथा वातावरण मन्त्रालयले प्रतिवेदनमा समावेश गराई स्वीकृत गर्ने भएको हुँदा यस पत्रसंगै संलग्न गरिएको वन तथा वातावरण मन्त्रालयको सात दिने सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि मुचुल्का गरिदिनहुन अनुरोध गर्दै यस आयोजनाको EIA प्रतिवेदन पनि सार्वजनिक गरिदिनहुन निर्देशानुसार अनुरोध छ। EIA अध्ययन प्रतिवेदनको १ (एक) प्रति तहाँ कार्यालयमा पठाईएको व्यहोरा पनि अनुरोध छ। साथै EIA प्रतिवेदनमा राय-सुझावहरु प्राप्त भएमा सूचनामा उल्लेखित ठेगानामा अथवा यस विभागको कार्यालय सानोगौचरण, काठमाडौंमा पठाईदिनहुन अनुरोध छ।

(राजेश श्रेष्ठ)
इ.हाईड्रोलोजिष्ट

बोधार्थः

वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा
०८२/०३/०८

आठविसकोट नगरपालिका
दर्ता नं: ...

नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्लाको नलगाड नगरपालीका, वडा नं. १ र भेरी नगरपालीकाको वडा नं. १ तथा रुकुम (पश्चिम) जिल्लाको आठविसकोट नगरपालिका ११, १३ र १४ र सानी भेरी गाउँपालिका वडा नं. १, २ र ४ लाई प्रभावित पार्ने गरी श्री विद्युत विकास विभागद्वारा निर्माण तथा सञ्चालनका लागि प्रस्तावित डाँडागाउँ खलंगा भेरी जलविद्युत आयोजना (९७.४३ मे.वा.) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावका लागि सार्वजनिक सूचना आव्हान गरिएको सम्बन्धमा ।

**सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०३/....**

प्रस्तावक श्री विद्युत विकास विभागद्वारा निर्माण तथा सञ्चालनका लागि प्रस्तावित डाँडागाउँ खलंगा भेरी जलविद्युत आयोजना (९७.४३ मे.वा.) अर्ध जलाशययुक्त आयोजना हो । प्रस्तावित आयोजनाका मुख्य भौतिक संरचनाहरूमा ओगी आकारमा कंक्रिट बाँध, अन्डर स्लुइस, इन्टेक, ग्राभेल ट्र्याप, अप्रोच कल्भर्ट, सेटलिङ बेसिन, हेडरेस पाइप, सर्ज ट्यांक र सतही प्रकारको विद्युतगृह आदि रहेका छन् ।

**आयोजनाको मुख्य विशेषताहरू**

| विवरण | विशेषता |
|---|---|
| **आयोजनाको नाम** | **डाँडागाउँ खलंगा भेरी जलविद्युत आयोजना** |
| नदीको नाम | ठूली भेरी नदी |
| आयोजनाको किसिम | अर्धजलाशययुक्त आयोजना (Peaking-Run-of-river) |
| **आयोजनाको स्थान र पहुँच** | |
| प्रदेश | कर्णाली |
| जिल्ला | जाजरकोट र रूकुम (पश्चिम) |
| इन्टेक स्थल | आठबिसकोट न.पा. वडा नं. ११ र नलगाड न.पा. वडा नं. १ |
| विद्युतगृह स्थल | भेरी नगरपालिका, वडा नं. १ |
| पूर्वी देशान्तर | ८२° १५' ००" देखि ८२° १८' ४४" सम्म |
| उत्तरी आक्षांश | २८° ४१' २५" देखि २८° ४७' २०" सम्म |
| **आयोजनालाई आवश्यक पर्ने जग्गा** | |
| सरकारी जग्गाको क्षेत्रफल | ६२.२२ हे. (स्थायीः ३७.६६ हे. र अस्थायीः २४.५६ हे.) |
| निजी जग्गाको क्षेत्रफल | १७.७६ हे. (स्थायीः १५.७५ हे. र अस्थायीः २.०१ हे.) |
| कुल जग्गाको क्षेत्रफल | ७९.९९ हे. (स्थायीः ५३.५१ हे. र अस्थायीः २६.५८ हे.) |
| **आयोजनाबाट प्रभावित हुन सक्ने घरधुरी** | |
| प्रभावित जग्गा हुने घरपरिवार | ८५ (नलगाड न.पा.-३६, भेरी न.पा.-१६, आठबिसकोट न.पा.- ३३ |
| प्रभावित घर | २९ (भेरी न.पा.-२, आठबिसकोट न.पा.-२७ ) |
| **कम बहाव क्षेत्र (Low Flow Zone)** | |
| कम बहाव क्षेत्रको लम्बाइ | १३ किलोमिटर (नलगाड न.पा.-१, आठविसकोट न.पा.- १३, १४, भेरी न.पा.-१ र सानी भेरी गा.पा.-१, २ र ४ |
| **जलविज्ञान (Hydrology)** | |
| इन्टेक स्थलमा क्याचमेन्ट क्षेत्र | ६८७८.६२ वर्ग कि.मि. |
| डिजाइन डिस्चार्ज ($Q_{40}$) | १४१.२८ घन मिटर प्रति सेकेण्ड |
| न्यूनतम मसिक डिस्चार्ज | ३७.२९ घन मिटर प्रति सेकेण्ड (फाल्गुन) |
| अधिकतम मसिक डिस्चार्ज | ५७९.११ घन मिटर प्रति सेकेण्ड |

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| विवरण | विशेषता |
|---|---|
| वातावरणिय प्रवाह (न्यूनतम डिस्चार्जको १०%) | ३.७३ घन मिटर प्रति सेकेण्ड (नेपाली महिना अनुसार) |
| **भू-गर्भ (Geology)** | |
| आयोजना क्षेत्रको भू-गर्भ | कर्णाली प्रदेशको तल्लो हिमाली क्षेत्र |
| **बाँध (Dam/Weir)** | |
| क्रेष्ट (Crest) level | समुद्री सतहबाट ८०१ मि. |
| किसिम | गेटेड (Gated) बाँध |
| गेटको संख्या | ३ |
| आकार (चौडाइ X उचाइ) | ९ मि. X ९ मि. |
| **सेटलिङ्ग बेसिन (Settling Basin)** | |
| प्रकार | होप्पर, सतही |
| बेको संख्या (Number of Bays) | ६ |
| सेटलिङ बेसिनको लम्बाइ X चौडाइ | ९० मि. X १५ मि. |
| **हेडरेस सुरूङ्ग (Headrace Tunnel)** | |
| प्रकार | Horse-Shoe Shaped (Full Concrete Lining) |
| लम्बाइ | ६०९७.१५ मि. |
| व्यास | ७.६ मि. |
| **सर्ज साफ्ट (Surge Shaft)** | |
| प्रकार | सिलिन्ड्रिक्ल सर्ज ट्यांक |
| आकार | लम्बाइ ७०.९२ मि. र व्यास २२.५ मि. |
| **पेनस्टक पाइप (Penstock Pipe)** | |
| प्रकार | भूमिगत |
| जम्मा लम्बाइ | ४०३.९५ मि. |
| मोटाइ | २० मि.मि. देखि २५ मि.मि. |
| **विद्युतगृह (Powerhouse)** | |
| प्रकार | सतही |
| आकार (लम्बाइ X चौडाइ X उचाइ) | ६५.६५ मि. X १८.०४ मि. X ३४.६२ मि. |
| **टेलरेस कल्भर्ट (Tailrace Culvert)** | |
| प्रकार | Buried |
| कल्भर्टको संख्या | ३ |
| आकार (चौडाइ X उचाइ) | प्रत्येकको ७.५ मि. X ३.३ मि. |
| **टर्बाइन (Turbine)** | |
| टर्बाइनको किसिम | फ्रान्सिस (Francis) |
| युनिटको संख्या | ३ |
| **ट्रान्समिसन लाइन (Transmission Line)** | |
| ट्रान्मिसन भोल्टेज | १३२ के.भी. डबल सर्किट |
| कनेक्सन सबस्टेसन | नलगाड सबस्टेन |

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

| विवरण | विशेषता |
|---|---|
| **क्षमता र ऊर्जा (Power and Energy)** | |
| ग्रस हेड | ८६.१ मि. |
| नेट हेड | ७८.४ मि |
| अनुमानित क्षमता | ९७.४३ मेगावाट |
| **आउटेज पछिको ऊर्जा** | |
| सुक्खा यामको ऊर्जा | १६८.८७ गिगावाट घण्टा प्रति वर्ष |
| वर्षा यामको ऊर्जा | ३५४.७१ गिगावाट घण्टा प्रति वर्ष |
| वार्षिक Peak सुक्खा यामको ऊर्जा | ३२.६९ गिगावाट घण्टा प्रति वर्ष |
| वार्षिक Off-peak सुक्खा यामको ऊर्जा | १३६.१८ गिगावाट घण्टा प्रति वर्ष |
| अनुमानित वार्षिक ऊर्जा | ५२३.५८ गिगावाट घण्टा प्रति वर्ष |
| **आयोजनाको लागत (Project Cost)** | |
| आयोजनाको कुल लागत (inc. Financial cost) | ने.रू. **२६,२४,५२,४८,०७६.५५/-** (छबिस अर्ब चौबिस करोड बावन्न लाख अड्चालिस हजार छयत्तर) |
| प्रति किलोवाटको लागत (exc. Financial cost) | ने.रू. **२,५२,२७६.१५/-** (दुई लाख बावन्न हजार दुई सय छयत्तर) |
| Economic B/C ratio on Project | १.९१२ |
| Economic Internal Rate of Return (EIRR) | १०.९८ |

अतः वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम यस प्रतिवेदनमा राय सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गरी लैजान पाउने व्यवस्था रहेकोले विद्युत विकास विभागद्वारा निर्माण तथा सञ्चालनका लागि प्रस्तावित डाँडागाउँ खलंगा भेरी जलविद्युत आयोजना (९७.४३ मे.वा.) आयोजनाको प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन देहाय बमोजिमका स्थानहरूमा सार्वजनिक गरिएको र वन तथा वातावरण मन्त्रालयको Website: www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयको उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय सुझावहरूलाई समेत ध्यानमा राखिनेछ । उक्त प्रतिवेदन सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाश भएको मितिले ७ (सात) दिन भित्र आफ्नो राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचना द्वारा आव्हान गरिन्छ ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरूः

श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं

श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाडौं ।

श्री नेपाल राष्ट्रिय पुस्तकालय, हरिहर भवन, ललितपुर (हाल मुकाम सानो ठिमि, भक्तपुर)।

श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं ।

श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।

श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, कुसुन्ती, ललितपुर ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, खलंगा, जाजरकोट ।

श्री नलगाड नगरपालिका, नलगाड नगर कार्यपालिकाको कार्यालय, दल्ली जाजरकोट ।

श्री भेरी नगरपालिका, भेरी नगर कार्यपालिकाको कार्यालय, खलंगा, जाजरकोट ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, मुसिकोट रुकुम (पश्चिम) ।

श्री आठविसकोट नगरपालिका, आठविसकोट नगर कार्यपालिकाको कार्यालय, आठविसकोट, रुकुम (पश्चिम) ।

श्री सानी भेरी गाउँपालिका, सानी भेरी गाउँ कार्यपालिकाको कार्यालय, सिम्ली, रुकुम (पश्चिम) ।